प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १,
विराटनगर, नेपाल

पत्र संख्याः२०७७/०७८
चलानी नम्बरः

प्रशासन तथा योजना महाशाखा

## सीपमुलक तालिम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।।

संघ, प्रदेश र स्थानिय तहको लागत साझेदारीमा आधारित व्यवसायिक तथा सीप विकास तालिम (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७७ को दफा ४(च) अनुसार सम्बन्धित स्थानीय तहमा आवश्यक देखिएका तत्काल रोजगारी सिर्जना हुने वा रोजगारीमा जोडिन सक्ने तालिमका विषयहरुमा तपशिलका उल्लेखित व्यक्तिहरुको सिपमूलक तालिममा प्राथमिकता पाउने गरी तालिमको क्षेत्र, विषय र संख्या उल्लेख भएको विवरण खुलाई कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्न प्रदेश नं. १ भित्रका सबै स्थानीय तहहरु (१३७ वटै) लाई यो सूचना प्रकाशित गरिएको छ ।

**प्रशिक्षार्थी छनौटका आधारहरु :**

१. कोभिड-१९ का कारणले विदेशबाट रोजगार गुमाई स्वदेश फर्केका र विदेश जाने सम्भावना नभएका,
२. रोजगारीका लागि विदेश जान श्रम स्वीकृती पाई कोभिड-१९ कै कारणले विदेश जान नपाई बेरोजगार रहेका,
३. कोभिड-१९ कै कारणले स्वदेशमै रोजगारी गुमाई बेरोजगार भएका,
४. आर्थिक सामाजिक रुपमा पछाडी परेका विपन्न समुदाय तथा अन्य बेरोजगारहरु ,

**प्रस्तावमा खुलाउन पर्ने अन्य विवरणहरु**

१. स्थानीय तहमै सञ्चालन गर्न नसकिने तालिमहरु नजिकको तालिम केन्द्र/ जिल्ला सदरमुकाम/ सुविधा सम्पन्न शहरी स्थानमा सञ्चालन गर्नुपर्ने भएमा प्रशिक्षार्थीको लागि आवास तथा खाने बस्ने व्यवस्था सम्बन्धित स्थानीय तहले व्यवस्था गर्नुपर्नेछ ।
२. प्रत्येक तालिमको विषय अनुसार २० देखि २५ जनासम्मको समुहमा प्रशिक्षार्थी प्रस्ताव गरी पठाउनु पर्नेछ।
३. कार्यविधि बमोजिम लागत साझेदारीको अंश २० प्रतिशत भएकोले सो बापतको रकम तहाँ स्थानीय तहमा विनियोजन भए नभएको वा व्यवस्था हुन सक्ने/नसक्ने उल्लेख गरी पठाउनु पर्नेछ ।
४. प्रस्ताव तयार गर्दा यस सम्बन्धी कार्यविधिमा उल्लेख भए अनुसार सबै विषयहरु स्पष्ट रुपमा खुल्ने गरी पठाउनु पर्नेछ ।

**अन्य जानकारीहरु**

१. संघ, प्रदेश र स्थानिय तहको लागत साझेदारीमा आधारित व्यवसायिक तथा सीप विकास तालिम (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७७, सामाजिक विकास मन्त्रालयको वेब साइट http://mosd.p1.gov.np/ बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
२. यस विषयमा थप जानकारी तथा सूचना आवश्यक परेमा मन्त्रालयको श्रम तथा रोजगार शाखाका शाखा अधिकृत श्री प्रदिप गौतम (मोवाइल नं.-९८५११५९३७५) लाई सम्पर्क गर्न सकिनेछ।

२०७७/१०/१८
शाखा अधिकृत

फोन नं. ०२१-४४२३८४ फ्याक्स नं. ०२१-५३४०८२ , इमेल: mosdprov1@gmail.com, website: mosd.p1.gov.np